Govt. Reg. 189/061/62
SWC Reg. 17256

CEPHED

# जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्र

## Center for Public Health and Environmental Development

**Bridging people with science and technology for healthy living and environmental development**

IPEN
a toxics-free future

# प्रेस विज्ञप्ती

## बच्चा पाउने उमेर समूहका नेपाली महिलाहरु मर्करीको अत्यधिक जोखीममा

**(मर्करी महासन्धी अनुमोदन, तालतलैयामा मर्करी प्रदूषणको रोकथाम र सुरक्षित मूर्तिकला ब्यावसायको आवस्यक्ता)**

काठमाडौ, मिति २०७४ साल बैसाख ६ गते बुधबार, नेपालमा अत्यधिक संख्या र मात्रामा मर्करीयूक्त उपकरणहरु जस्तै थमोमीटर, रक्तचाँप नाप्ने यन्त्र, तरल मर्करी र मर्करीयूक्त रसायन जस्तै डेन्डल अम्लगम आदिको निर्वाद्धरुपमा आयात, विक्रिवितरण तथा प्रयोग भैरहेकोबाट परीरहेको मानव स्वास्थ्यको जोखीम तथा वातावरणीय प्रदूषण नियन्त्रणका लागि मर्करी महासन्धीको यथाशिघ्र अनुमोदन, सुरक्षित र स्वस्थ्य मूर्तिकला ब्यावसाय, मर्करीमुक्त दन्तचिकित्सा, मर्करीमूक्त स्वास्थ्य सेवा लगायत सबैभन्दा बढी प्रत्यक्ष रुपमा प्रभावित हुने **बच्चा पाउने उमेर समूहको ब्यावसायी महिलाहरु जस्तै माझी समुदायका महिलाहरु र मूर्तिहरुमा सुनको जलप लगाउने महिलाहरुको साधारण स्वास्थ्य संगै प्रजनन् स्वास्थ्यको पनि रक्षा गर्नु गराउनु आजको आवस्यक्ता हो ।**

संयूक्त राष्ट्र बातावरण कार्यक्रम (**UNEP**) अन्तर्गत मिनामाता मर्करी महासन्धीको अन्तरीम सचिवाल्यको सहयोगमा Biodiversity Research Institute–BRI, USA र International POPs Elimination Network (IPEN) संग मिलेर जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्र (CEPHED) ले २०७२ साल चैत्रमा कास्किका बेगनास ताल वारीपरीका तालका माछा मारी जिविकोपार्जन गर्ने जलारी समुदायका ३३ जना महिला र २०७३ मङसिरमा काठमाण्डौ उपत्यकाका ललितपुर जिल्ला गरी विभिन्न धातुका मूर्तिहरुमा सुनको जलप लगाउने काममा कार्यरत २० जना महिला गरी जम्मा ५३ जना बच्चा पाउने उमेर समूहका महिलाहरुमा मर्करी सम्बन्धि गरीएको अध्यनको नतिजाले माभि समुदायका सदस्यहरमा मर्करीको मात्रा कमै देखिए ता पनि तालको बढदो प्रदुषण रोकथाम गर्नुको साथै काठमाण्डौ उपत्यकामा मूर्तिहरुमा सुनको जलप लगाउने कामदारहरुमा अत्यधिक मर्करी पाईएकोबाट उनीहरु अत्यन्त जोखीममा रहेको र सम्बन्धित अन्य मानिस तथा बातावरणीय सम्स्याको तत्काल सामाधानको लागि सम्बन्धित निकायहरुसंग जोडदार माग केन्द्रका कार्यकारी निर्देशक राम चरित्र साहले गर्नु भयो ।

**नेपालमा अध्ययन अनुसार ५३ जना महिलामा गरेको मर्करी सम्बन्धि अध्ययनको परीणाम ।**

| स्थानहरु | नमूना संख्या | न्यूनतम मर्करी mg/kg | अधिक्तम मर्करी mg/kg | ओषत मर्करी mg/kg | अमेरिकी मापदण्ड १ mg/kg भन्दा बढी पाईएको नमूना |
|---|---|---|---|---|---|
| वेगनास ताल वरीपरीका जलारी समूदायका महिलाहरु | ३३ | ०.२१ | १.१८ | ०.६७ | ९ प्रतिशत |
| काठमाण्डौ उपत्यकामा धातुको मूर्तिमा सुनको जलप लगाउने महिला कामदारहरु | २० | ०.३५ | २८.४६ | ३.६२ | ७५ प्रतिशत |

श्रोतः **Biodiversity Research Institute–BRI, USA मा EPA Method 7473 Gold Amaalgamation AAS following Milestone DMA-80 बाट जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्रलाई प्राप्त नतिजा परीणामहरु ।**

मर्करीको सम्पर्कमा मानिस, बालबालिका र खास गरी बच्चा पाउने उमेर समूहका महिलाहरु अउनु मूख्यरुपमा निकै गम्भिर कुरा हो । किनकी यसले स्नायू प्रणाली, मृगौला, स्वासप्रस्वास र प्रजनन् प्रणालीलाई असर गर्दछ साथै बढदै गरेको गर्भको बच्चाको विकासमा पनि अवरोध पुऱ्याउदछ । विश्वब्यापी रुपमा फैलिदैगएको मर्करीको प्रदूषणले जोसुकैलाई जहापनि असर गर्नेभएकोले मर्करीको सबैखाले श्रोतहरुलाई सम्बोधन गरीनुपर्दछ भने IPEN का मर्करी सल्लाहकार लि वेलको भनाई रहेको छ ।

Govt. Reg. 189/061/62
SWC Reg. 17256

# जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्र

## Center for Public Health and Environmental Development

**Bridging people with science and technology for healthy living and environmental development**

CEPHED

IPEN
a toxics-free future

मर्करी ताल तलैयामा विभिन्न मानव गतिविधीहरु जस्तै जलाधारक्षेत्रमा गरीने खेतीपाती, घरायसी र अस्पतालजन्य फोहर विसर्जण तथा विषादीको प्रयोग आदिबाट प्रवेश पाउदछ र माछामा सञ्चयीकरणहुदै मानव शरीरमा प्रवेश पाउदछ र नकारात्मक असरहरु गर्न शुरु गर्दछ ।

अकौतिर विभिन्न धातुको मूर्तिहरुमा सुनको जलप लगाउन सुनलाई मर्करीमा घुलाई लेप बनाईन्छ । उक्त लेपलाई ब्रुसको मद्दतले मूर्तिमा लागाईन्छ, पछि मूर्तिलाई तताउदा मर्करी उडेर जान्छ र सुनको जलप मूर्तीमा टासिन्छ । यसरी मर्करी र सुनको लेप बनाउने, लगाउने, तताउने आदि सबैखाले प्रकृयाहरुको दौरान कामदार लगातार मर्करीको सम्पर्कमा आईराख्ने भएकोले अत्यधिक जोखीम मोलिरहेको हुन्छ । साथै वरपिरीको वातावरण पनि प्रदूषीत भैरहेकोबाट अन्य मानिस, जिवजन्तु तथा बोटविरुवाहरु पनि प्रभावित भैरहेको छ । नमूना संकलनको दौरान उक्त कामदारहरु कुनै किसिमको ब्यक्तिगत सुरक्षा कवच (Personal Protective Equipment) प्रयोग गरीरहेको पाईएन ।

**तसर्थ मर्करीको असरलाई न्यूनिकरण गर्दै अन्ततः निर्मूलपार्न सम्बन्धित सरकारले तत्काल निम्नपहलहरु गर्नु पर्दछ ।**

(क) नेपाल सरकार, जनसंख्या तथा वातावरण मन्त्रालयले मिनामाता मर्करी महासन्धीमा हस्ताक्षर गरेको ३.५ वर्ष भन्दा बढी भैसकेपनि अनुमोदन गर्न नसकेकोले तुरुन्त अनुमोदनको प्रक्रिया थाल्नु पर्दछ ।

(ख) स्वास्थ्य मन्त्रालयबाट मर्करीमूक्त स्वास्थ्य सेवा र मर्करीमूक्त दन्त चिकित्सा सेबाको लागी आवस्यक ऐन, कानून, निती, नियम र मन्त्रालयले आ. व. २०७०/७१ देखी लागुहुनेगरी लिएको मर्करीयूक्त उपकरणहरुको आयत, खरीद र उपयोगमा बन्देज लगाएको निर्णयमा मर्करी अम्लगम पनि समावेश गरी सो निर्णयलाई राजपत्रमा प्रशाशित गरी प्रभावकारी कार्यान्वयन र अनुगमन गर्न गराउनु पर्दछ ।

(ग) नेपाल हस्तकला ब्यावसायी महासंघ र जिल्ला हस्तकला ब्यावाीयी संघहरुले आ आफ्नो क्षेत्र र पेशालाई सुरक्षित र स्वस्थ्य बनाउनु पर्दछ । साथै मूर्तीमा सुनको जलप लगाउनेकामदारको ब्यावसायजन्य सुरक्षा र स्वास्थ्य (Occupational Safety and Health )को प्रत्याभुति र सुनिस्चितता गर्नुपर्दछ ।

(घ) मर्करीबाट पर्ने जनस्वास्थ्य र वातावरणीय समस्याहरुको अध्ययन गरी आम जनतालाई जानकारी गराउनुको साथै सामाधानको उपायहरु पहिल्याउनु पर्दछ ।

(ङ) मिनामाता मर्करी महासन्धीलाई यथाशिघ्र अनुमोदन गरी आवस्यक आर्थिक तथा प्राविधीक सहयोग जुटाई नेपालमा पहिचान भैसकेको मर्करी सम्बन्धी समस्याहरुको निराकरण गर्न गराउन तत्काल ठोस कदम चालिनु पर्दछ ।

सहयोगको लागि धन्यवाद ।

राम चरित्र साह
कार्यकारी निर्देशक/ वातावरण बैज्ञानिक
फोन न . ०१ ५२०१७८६, मो. ९८०३०४७६२१, ईमेल: info@cephed.org.np

**International Release: http://www.ipen.org/documents/new-study-reveals-elevated-levels-mercury-women-child-bearing-age-pacific-island-countries**

**Download the Full study report online at: www.mercuryconvention.org**
or **http://ipen.org/Mercury-Monitoring-in-Women**